# एसएलसी परीक्षा
# विशिष्टीकरण तालिका, २०६५
## अर्थशास्त्र (ऐच्छिक प्रथम)

### परिचय

माध्यमिक तहमा ऐच्छिक विषयका रूपमा रहेको यस विषयको अध्ययनबाट विद्यार्थीहरू अर्थशास्त्रको परिचय उत्पादन, उपभोग विनिमय, वितरण लागत र आय, सार्वजनिक वित्त, तथ्याङ्कीय कार्यसम्बन्धी सामान्य सिद्धान्तको जानकारी हासिल गर्न सक्दछन् भने मुद्रा र बैङ्किङ, गरिबी र बेरोजगारी तथा नेपालको अर्थव्यवस्थाको ज्ञान हासिल गरी आवश्यकताअनुसार आर्थिक दृष्टिले उचित निर्णय लिन सक्षम हुने उद्देश्य पाठ्यक्रमले राखेको छ । यस्ता उद्देश्य प्राप्तिको लागि योजनाबद्ध तरिकाबाट प्रश्नपत्रको निर्माण गर्न विशिष्टीकरण तालिकाको आवश्यकता पर्दछ । मूल्याङ्कनका लागि निर्माण गरिएका प्रश्नपत्रहरू उद्देश्य अनुरूप स्तरीय, वैध, विश्वसनीय तथा प्रभावकारी हुन सकून् भने हेतुले विशिष्टीकरण तालिकाको प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ ।

एसएलसी परीक्षालाई राष्ट्रियस्तरको परीक्षाका रूपमा लिइने भएकाले यसमा सोधिने प्रश्नहरूले पाठ्यक्रमको उद्देश्य, विषयवस्तु समेट्नुका साथै विद्यार्थीहरूको सिकाइस्तर मापन गर्नका लागि प्रश्नहरूका विभिन्न तहलाई समेत समेटनुपर्दछ । त्यसका लागि प्रश्नपत्रको खाकाभित्र शैक्षिणिक उद्देश्य,, पाठ्यवस्तुका विषय क्षेत्र र प्रश्नका किसिमलाई दिइने भारलाई विशेष रूपले ध्यान पुऱ्याउनुपर्छ । यस्ता प्रश्नमा ज्ञान, सीप अभिवृत्तिका विभिन्न क्षेत्रमा विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर जाँच्न खोजिएका खासखास उद्देश्यहरूको छनोट गरी तिनलाई अङ्कका दृष्टिले केकति भार दिने भन्ने कुरातर्फ पूर्व सुनिश्चित गरिएको हुन्छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य प्राप्तिका लागि सोहीअनुसारको अङ्कको बाँडफाँड गरी कुनै पनि विषय क्षेत्र नछुटोस् र नदोहरियोस् भन्ने कुरा माथि विशिष्टीकरण तालिकाले ध्यान दिएको हुन्छ । यसै अनुरूप ऐच्छिक अर्थशास्त्र विषयको विशिष्टीकरण तालिकामा ज्ञान, बोध तह, प्रयोग तथा खोजमूलक सीप तह, समस्या समाधान सीप तह र सिर्जनात्मक सीप तह गरी प्रश्नहरूलाई चार तहमा विभाजन गरिएको छ । यस्ता विभिन्न तहको प्रश्नहरू अति छोटो उत्तर आउने, छोटो उत्तर आउने र लामो उत्तर आउने गरी तीन खण्डमा विभाजन गरिएको छ ।

ज्ञान, बोध तहमा विद्यार्थीहरूले पाठ्यपुस्तक वा अन्य स्रोतबाट जस्ताको तस्तै ग्रहण गर्ने सामान्य जानकारी तथा सस्मरणलाई बुझाउँछ । त्यसैगरी प्रयोग तथा खोजमूलक सीपअन्तर्गत विद्यार्थीहरूले सिकेका कुरालाई आफ्नो व्यवहारमा कसरी उतार्न सक्छन् र कुनै पनि विषयवस्तुको कतिको गहिराइसम्मको उनीहरूको अध्ययन छ भन्ने मूल्याङ्कन गर्न सघाउ पुऱ्याउँछ । यसका साथै विद्यार्थीले सिकेका विषयवस्तुको आधारमा आइपर्ने समस्यालाई कसरी समाधान गर्न सक्छन् भन्ने मापन गर्ने खालका प्रश्नहरूलाई समस्या समाधान सीपअन्तर्गत समेटिएको छ । यसरी विशिष्टीकरण तालिकाले प्रश्नपत्र निर्माणकर्तालाई प्रश्नपत्र निर्माण गर्न शिक्षकलाई अध्यापन गर्न, उत्तरपुस्तिका परीक्षकलाई परीक्षण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

## एसएलसी परीक्षा
## विशिष्टीकरण तालिका, २०६५
## अर्थशास्त्र (ऐच्छिक प्रथम)

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००** **उत्तीर्णाङ्क : ३२**

| एकाइ | पाठ्यवस्तु | ज्ञान र बोध (Knowledge & Understanding) | | | प्रयोग तथा खोजमूलक सीप (Application & Research Skill) | | | समस्या समाधान सीप (Problem Solving Skill) | | | सिर्जनात्मक सीप (Creative Skill) | | | जम्मा प्रश्न सङ्ख्या | पाठ्य भार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | अति छोटो उत्तर आउने प्रश्न | छोटो उत्तर आउने प्रश्न | लामो उत्तर आउने प्रश्न | | |
| १. | लागत तथा आय वक्ररेखा | १ | | | | | | | | | | १ | | २ | १२ |
| २. | विनिमय | १ | | | | १ | १ | | | | | | | ३ | १२ |
| ३. | वितरण | | १ | | | | १ | १ | | | | | | ३ | २२ |
| ४. | मुद्रा तथा बैङ्किङ | १ | | १ | | १ | | | | | | | | ३ | २० |
| ५. | सार्वजनिक वित्त | | | | १ | | | | १ | | | १ | | ३ | १६ |
| ६. | विकास अर्थशास्त्र | १ | | | | | | | १ | | १ | १ | | ४ | २० |
| ७. | नेपालमा बैदेसिक व्यापार | | | | १ | | | | १ | | | | | २ | १२ |
| ८. | गरिबी र बेरोजगारी | १ | | | | १ | | १ | | | | | | ३ | १४ |
| ९. | तथ्याङ्कीय कार्य | | १ | | | | | | | १ | | १ | | ३ | २२ |
| | जम्मा | ५ | २ | १ | २ | ३ | २ | २ | ३ | १ | १ | ४ | | २६ | १५० |

| क्र.सं. | प्रश्नको किसिम | सोधिने प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्कभार | समय |
|---|---|---|---|---|---|
| १. | अति छोटो उत्तर आउने प्रश्न | १० | १० | १ x १० = १० | १० x २ = २० मिनेट |
| २. | छोटो उत्तर आउने प्रश्न | १२ | १२ | ५ x १२ = ६० | १२ x ८.३३ = १०० मिनेट |
| ३. | लामो उत्तर आउने प्रश्न | ४ | ३ | १० x ३ = ३० | ३ x २० = ६० मिनेट |
| | जम्मा - | २६ | २५ | १०० | १८० मिनेट (३ घण्टा) |

## नमुना प्रश्न

विद्यार्थीले उत्तर दिँदा पाठ्यपुस्तकबाट हुबहु सारेको जस्तो उत्तर नदिई सकभर आफ्नै शैली र ढङ्गमा मौलिक र सिर्जनात्मक उत्तर दिनुपर्ने छ र अङ्क दिँदा यस्ता उत्तरलाई प्रोत्साहन दिइने छ ।

समय : ३ घण्टा पूर्णाङ्क : १००

उत्तीर्णाङ्क : ३२

**खण्ड (क)**

**अति सङ्क्षिप्त उत्तर दिनुहोस् :** **(१० x १ =१०)**

प्र.नं.१. कुनै वस्तुको ५० एकाइ उत्पादन गर्दा कुल लागत रू. १०००।- लाग्छ भने औसत लागत कति हुन्छ ?
If the total cost is Rs. 1000/- to produce 50 units of commodity. Find the average cost.

प्र.नं.२. एकाधिकार बजारमा फर्म सन्तुलन हुन कुनै दुई सर्तहरू केके हुन् ?
What are the two necessary conditions for equilibrium of a firm in monopoly market?

प्र.नं.३. व्याजको शास्त्रीय सिद्धान्तअनुसार व्याजको दर निर्धारण हुने प्रक्रिया उल्लेख गर्नुहोस्।
State the process of determining the rate of interest according to the classical theory.

प्र.नं.४. किन केन्द्रीय बैङ्कलाई बैङ्कहरूको बैङ्क भनिन्छ ?
Why is the Central bank called the bank of banks?

प्र.नं.५. बजेट घाटालाई पूर्ति गर्ने कुनै दुई उपायहरू लेख्नुहोस् ।
Write any two ways of recovering deficit budget.

प्र.नं.६. नेपालको अर्थ व्यवस्थाको कुनै दुईओटा प्रमुख विशेषता केके हुन् ?
What are the two main characteristics of Nepalese economy?

प्र.नं.७. आन्तरिक र बाह्य व्यापारबीच हुने कुनै दुईओटा फरक केके हुन् ?
Give any two differences between internal and external trade?

प्र.नं.८. निरपेक्ष गरिबी भनेको के हो ?
What do you mean by absolute poverty?

प्र.नं.९. प्रतिव्यक्ति आय कसरी निकालिन्छ ?
How is per capita income calculated?

प्र.नं.१०. नेपालमा गरिबी न्यूनीकरण गर्न अपनाउन सकिने कुनै दुई उपायहरू उल्लेख गर्नुहोस् ।
Mention any two measures of reducing poverty in Nepal.

## खण्ड (ख)

**छोटो उत्तर दिनुहोस् :** (१२ x ५ = ६०)

प्र.नं.११. निम्न तालिकाको आधारमा सीमान्त आय र औसत आय वक्ररेखा तयार गर्नुहोस् :

Draw marginal Revenue (MR) and Average Revenue (AR) curves from the table given below.

| Unit of goods | Total revenue | Average revenue | Marginal revenue |
|---|---|---|---|
| 1 | 20 | 20 | 20 |
| 2 | 36 | 18 | 16 |
| 3 | 48 | 16 | 12 |
| 4 | 56 | 14 | 8 |
| 5 | 60 | 12 | 4 |
| 6 | 60 | 10 | 0 |
| 7 | 56 | 8 | 4 |

प्र.नं.१२. बजारको परिचय दिनुहोस् । औद्योगिक दृष्टिले बजारलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

Give the introduction of market. How can we classify the market from industrial point of view.

प्र.नं.१३. पूर्ण प्रतिस्पर्धा बजार र एकाधिकार बजारबीच फरक छुट्याउनुहोस् ।

Distinguish between perfect competition market and monopoly market.

प्र.नं.१४. टिप्पणी लेख्नुहोस् : Write short notes.

(क) वास्तविक ज्याला Real wage

(ख) कुल व्याज Gross interest

प्र.नं.१५. केन्द्रीय बैङ्कले साख नियन्त्रण कसरी गर्दछ ? कुनै तीनओटा विधिको व्याख्या गर्नुहोस् ।

How does the central bank control credit? Explain any three.

प्र.नं.१६. नेपालको वर्तमान बजेट बढी मात्रामा बाह्य स्रोतको भर पर्नुपरेको छ । यसरी बाह्य स्रोतबाट बजेट जुटाउँदा विभिन्न समस्या देखिने गरेका छन् । यस्तो अवस्थामा आन्तरिक स्रोत नै बढी परिचालन गर्न केके उपाय गर्नुपर्ला ? बुँदागत रूपमा व्याख्या गर्नुहोस् ।

In the present context, Nepalese budget is mostly dependent on external sources. In this situation what can be the solution to mobilize the internal sources? Explain.

प्र.नं.१७. तपाईंको परिवारको मासिक बजेट बनाउनुहोस् । बजेट बनाउँदा आयस्रोत, खर्च, बचत वा घाटाको अवस्थासमेत देखाउनुहोस् ।

Prepare a monthly budget of your family. Show the sources of income, expenditure, saving or loss situation while making budget.

प्र.नं.१८. नेपालको अर्थ व्यवस्थामा गरिबी, परम्परागत कृषि प्रणाली, बेरोजगार, पुँजीको अभाव, जनसङ्ख्या वृद्धि आदि जस्ता समस्याहरू देखिन्छन् । यी समस्या समाधान गर्न केके उपायहरू अपनाउन सकिन्छ ?

There are many problems in Nepalese economy such as poverty, unemployment, lack of capital, population growth etc. What are the measures to overcome these problems.

प्र.नं.१९. नेपालको बैदेसिक व्यापार भारतसँग बढी निर्भर रहेको देखिन्छ । विभिन्न प्रयास गर्दागर्दै पनि हालसम्म यो अवस्था कायमै छ, यो अवस्था कम गर्न के गर्नुपर्ला ? कुनै पाँचओटा सुझाब लेख्नुहोस् ।

Nepalese foreign trade mainly depends on India. Despite many efforts, the situation is constant. What can be the way out to reduce this situation? Give any five suggestions.

प्र.नं.२०. नेपालमा गरिबी न्यूनीकरणका लागि रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यस सन्दर्भमा तपाईको गाउँ/नगर क्षेत्रमा केकस्ता कार्यक्रम सञ्चालन भइरहेका छन् ? कुनै पाँचओटा कार्यक्रम उल्लेख गर्नुहोस् ।

Many employment programs are implemented in Nepal to reduce the poverty. In this context mention any five programs which are implemented in your village or municipal areas.

प्र.नं.२१. तलको आँकडाबाट बहुगुणी स्तम्भचित्रको रचना गर्नुहोस् :

Construct a multiple bar diagram from the data given below.

| Production (In quintals) / Year | 2062 (In metric tonne) | 2063 (In metric tonne) | 2064 (In metric tonne) |
|---|---|---|---|
| Paddy | 100 | 120 | 150 |
| Maize | 80 | 60 | 100 |
| Millet | 40 | 40 | 80 |

प्र.नं.२२. तलको तथ्याङ्कबाट मध्यिका पत्ता लगाउनुहोस् ।

(Find the median from the following data.)

| प्राप्ताङ्क (Marks) | 0-10 | 10-20 | 20-30 | 30-40 | 40-50 |
|---|---|---|---|---|---|
| आवृत्ति (Frequency) | 5 | 6 | 4 | 8 | 2 |

## खण्ड (ग)

**लामो उत्तर लेख्नुहोस् (कुनै ३ मात्र) :** (३ x१० = ३०)

प्र.नं.२३. देशको आर्थिक विकासमा वाणिज्य बैङ्कले केकस्तो योगदान पुऱ्याउँदै आएका छन् ? वर्णन गर्नुहोस् ।
How are the commercial banks contributing to the economic development of country.

प्र.नं.२४. लगानको अर्थ लेख्नुहोस् । रिकार्डोको लगान सिद्धान्त चित्रसहित व्याख्या गर्नुहोस् ।
What do you mean by rent? Explain the Recardian Theory of rent with the help of a diagram.

प्र.नं.२५. पूर्ण प्रतिस्पर्धा बजारमा हुने मूल्य निर्धारण प्रक्रिया चित्रसहित व्याख्या गर्नुहोस् ।
Explain the process of price determination under perfect competition market.

प्र.नं.२६. तलको आँकडाबाट पहिलो वर्गान्तर ० - १० दुवै हुने गरी आवृत्ति वितरण तालिका निर्माण गरी सामान्य अङ्कगणितीय मध्यक निकाल्नुहोस् :
Construct frequency distribution table taking first as 0-10 class interval and find the simple arithmetic mean from the data given below.
5, 10, 15, 25, 55, 5, 15, 10, 25, 50, 10, 5, 15, 55, 5, 10, 35, 25, 45, 45, 10, 25, 5, 35, 30, 5, 55, 5, 25, 55

## उत्तरपुस्तिका परीक्षण कुञ्जिका

१. रू. २०।-

२. (क) MR = MC, (ख) MR ले MC लाई तलबाट काटेर माथि गराएको हुनुपर्छ । (२ x०.५ =१)

३. पुँजीको माग तथा पुँजीको पूर्तीको अन्तरक्रियाद्वारा व्याज निर्धारण हुने प्रक्रिया लेखेमा (१)

४. केन्द्रीय बैङ्कले अन्य बैङ्क र यिनका शाखाहरू खोल्ने अनुमति दिने, अन्य बैङ्कको निक्षेप स्वीकार गर्ने र अन्य बैङ्कलाई ऋण उपलब्ध गराउने भएकाले आदि लेखेमा (१)

५. आन्तरिक ऋण, बाह्य ऋण र सञ्चित कोषमध्ये कुनै २ लेखेमा (०.५x२= १)

६. नेपालको अर्थव्यवस्थाको विशेषताहरू, जस्तै : सामान्य गरिबी, न्यून आर्थिक वृद्धिदर उच्च जनसङ्ख्या वृद्धिदर, कृषि मुख्य व्यवसाय, द्वैध अर्थ व्यवस्था प्राकृतिक साधनको उचित प्रयोगको अभाव, अदृश्य बेरोजगार, औद्योगिकीकरणका अभावमध्ये दुईओटा लेखेमा (०.५x२= १)

७. देशभित्र गरिने व्यापार र देशको सिमाबाहिर अन्य देशहरूसँग गरिएको व्यापार र आन्तरिक व्यापारमा स्वदेशी मुद्राको चलन बाह्य व्यापारमा विदेशी मुद्राको चलन वा अन्य यस्तै दुईओटा फरक लेखेमा (०.५x२=१)

८. बाँच्नका लागि चाहिने आधारभूत आवश्यकता पूरा गर्न सक्ने आम्दानी क्षमता नभएको अवस्था लेखेमा (१)

९. कुनै देशको कुनै वर्षको राष्ट्रिय आयलाई त्यस देशको त्यही वर्षको कुल जनसङ्ख्याले भाग गरेर लेखेमा (१)

१०. आर्थिक वृद्धिदर बढाउने, कृषि उत्पादकत्व बढाउने, रोजगारको अवसर सिर्जना, जनसङ्ख्या नियन्त्रण गर्ने आदिमध्ये कुनै दुई लेखेमा (०.५x२=१)

११. प्रस्टसँग सिमान्त आय र औसत आय वक्ररेखा तयार गरेमा (२.५x२=५)

१२. बजारको परिचय दिएमा (२)
औद्योगिक दृष्टिले बजारको वर्गीकरण गरी छोटकरीमा व्याख्या गरेमा (३)

१३. पूर्ण प्रतिस्पर्धा र एकाधिकार बजारबीच कुनै दुईओटा फरकहरू लेखी छोटकरीमा व्याख्या गरेमा (२.५x२=५)

१४. (क) वास्तविक ज्यालाको सङ्क्षिप्त परिचय दिएमा (२.५)
(ख) कुल ज्यालाको सङ्क्षिप्त परिचय र तरिकाहरू दिएमा (२.५)

१५. केन्द्रीय बैङ्कले गर्ने साख नियन्त्रण (धितो पत्र, खरिद बिक्री) अन्य बैङ्कले राष्ट्र बैङ्कमा राख्नुपर्ने कुल निक्षेपको अंश घटबढ, राष्ट्र बैङ्कले अन्य बैङ्कहरूबाट लिने व्याजदरमा घटबढ, प्रत्यक्ष कार्यवाही आदि उल्लेख गरेमा (२)
कुनै तीनको व्याख्या गरेमा (३)

१६. आन्तरिक स्रोतअन्तर्गत कर, प्रशासनिक आय, व्यावसायिक आय र आन्तरिक ऋण बुँदागत लेखी व्याख्या गरेमा (१.२५x४= ५)

१७. आम्दानी, खर्च, बचत वा घाटा प्रस्ट रूपमा देखाएर बजेट तयार गरेमा (२.५x२=५)

१८. आर्थिक वृद्धिदर बढाउने, कृषि उत्पादकत्व बढाउने, रोजगारका अवसर सिर्जना गर्ने, पुँजी निर्माण गर्ने, जनसङ्ख्या नियन्त्रण गर्ने जस्ता कुनै पाँचओटासम्म समाधानका उपायहरू लेखी व्याख्या गरेमा
(१x५=५)

१९. भारतसँगको व्यापार कम गर्न, देशगत व्यापार विविधिकरण, वस्तुगत व्यापार विविधीकरण, गुणस्तरीय वस्तु उत्पादन, प्रशोधित वस्तुको निर्यातमा वृद्धि आदि जस्ता कुनै पाँचओटा सुझाव दिएमा
(१x५=५)

२०. रोजगार प्रवर्धन कार्यक्रमअन्तर्गत आफ्नो क्षेत्रमा सञ्चालन भइरहेका कुनै पाँचओटा कार्यक्रम प्रस्तुत गरेमा
(५)

२१. उपयुक्त शीर्षक राखी x- अक्षमा समय र y- अक्षमा उत्पादन राखी बहुगुणी स्तम्भचित्र रचना गरेमा
(५)

२२. सञ्चयी बारम्बारता (आवृति) निकालेर सूत्र प्रयोग गरेर सही उत्तर निकालेमा (५)

२३. वाणिज्य बैङ्कका कार्यहरू (निक्षेप स्वीकार गर्ने, ऋण प्रदान गर्ने, एजेन्सीसम्बन्धी कार्य र अन्य कार्य) उल्लेख गरी तिनबाट आर्थिक विकासमा पुगेको सहयोग व्याख्या गरेमा (२.५x४=१०)

२४. लगानको अर्थ लेखेमा (२)
रिकार्डोको लगान सिद्धान्तको परिचय लेखेमा (२)
तालिका र रेखाचित्रमा देखाएमा (२ + २ = ४)
व्याख्या गरेमा (२)

२५. पूर्ण प्रतिस्पर्धाको परिचय र मूल्य निर्धारण प्रक्रिया (माग र पूर्तिको अन्तरक्रिया) दिएमा (४)
तालिका र चित्र बनाएमा (२ + २ = ४)
व्याख्या गरेमा (२)

२६. पहिलो वर्गान्तर ०-१० हुने गरी आवृत्ति वितरण तालिका निर्माण गरेमा (३)
सामान्य अङ्कगणितीय मध्यक निकाल्नका लागि तालिकामा आवश्यक सबै सूचनाहरू भरेमा (३)
सूत्र प्रयोग गरी हिसाब गरेर सही उत्तर निकालेमा (४)